# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या - २०७९/०८०
चलानी नं. - 9696

**(शिक्षा, युवा तथा खेलकुद शाखा)**

मितिः२०८०/०१/४

श्री सम्पूर्ण बिध्यालयहरु ,

मिथिला नगरपालिका ,ढल्केवर ,धनुषा ।

बिषयः शैक्षिक सत्र २०८० को बिद्यार्थी भर्ना अभियान सञ्चालन सम्बन्धमा ।

प्रस्तुत बिषयमा यस नगरपालिका अन्तर्गत सञ्चालित सम्पुर्ण बिद्यालयहरूले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०७९/१२/२६ च.नं ४१९ को पत्र बमोजिम ' समयमै भर्ना,समयमै ज्ञान,गुणस्तरीय शिक्षा सबैको अभियान ' भन्ने आदर्श वाक्यका साथ शैक्षिक सत्र २०८० को बिद्‌यार्थी भर्ना कार्यक्रम तपसील बमोजिमका कार्यक्रम गर्ने भनी यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०७९/१२/२२ र प्र.अ.बैठकबाट निर्णय भएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ

2080.09.04

प्रमुख प्रशासकीय अधिकृत

तपसील

१. बिध्यालयहरूले वार्षिक योजनाअनुरूप बिध्यार्थी भर्ना कार्यक्रम बैशाख महिनाभित्रै संचालन गर्नु गराउनुहुन ।

२. भर्ना हुन आउने बालबालिकालाइ तत्काल भर्ना गरी स्वागत गर्ने र निःशुल्क पाठ्‌यपुस्तक उपलब्ध गराउन हुन।

३. बिध्यार्थी भर्नाका लागि आफ्नो सेवा क्षेत्रभित्र ब्यापक प्रचार प्रसार र सूचना गर्नु,गराउनु हुन । यसका लागि नजिकको एफ.एम.रेडियो,सामाजिक संजाल,स्थानीय मेला पर्वलाइ माध्यमकोरूपमा प्रयोग गर्न गराउनु हुन।

४. कक्षा ११,१२ संचालन भएका बिध्यालयहरूले अध्ययनरत बिध्यार्थीहरूलाइ प्रयोगात्मक कार्यकोरूपमा आफ्नो सेवा क्षेत्रभित्र बिद्‌यालय उमेर समुहका बालबालिकाको लगत

संकलन,बिध्यालय बाहिर रहनुको कारण,एवम् समस्या पहिचान,बिध्यालय भर्नाका लागि घरदैलो,सडक नाटक प्रदर्शन जस्ता क्रियाकलापमा परिचालन गर्नुगराउनु हुन

५. बिध्यार्थी भर्ना एवम् अभिभावकत्व ग्रहण गरी भर्ना गर्नेहरूको हकमा अभिलेख राखी स्थानीय तहमासमेत सम्प्रेषण गर्नु गराउनु हुन ।

६. बिध्यार्थी भर्ना गर्दा अनिवार्यरूपमा IEMIS ID उल्लेखित प्रमाणपत्र,लब्धांक पत्र(ग्रेडसीट ,स्थानान्तरण प्रमाणपत्र) को आधारमा गर्नु गराउनुहुन।

७. बिध्यार्थी भर्ना गर्दा मिथिला नगरपालिका बिध्यालय शिक्षा सञ्चालन ब्यबस्थापन तथा नियनका सम्बन्धमा बनेको कार्यबिधि २०७७ को परिच्छेद -८ को नियम ५९ देखि ६६ सम्मका प्राबधानलाइ अनिवार्यरूपमा लागू गर्नु गराउन हुन ।

८. संस्थागत बिद्यालयहरूले अनिवार्यरूपमा नेपाल सरकारबाट स्वीकृत पाठ्यपुस्तक लागू गर्न गराउनु हुन ।

९. भर्ना भएका बिद्यार्थीको कम्तिमा १० प्रतिसत लक्षित वर्गका बिध्यार्थीलाइ शिक्षा नियमावली,२०५९ को नियम १५१ को उपनियम २ बमोजिम छात्रवृति उपलब्ध गराइ शाखामा जानकारी पठाउन हुन ।

१०. सबै बिद्यालयहरूले कक्षा १ मा भर्ना भएका बिद्यार्थीको अनिवार्यरूपमा पोर्टफोलियो तयार गरी कार्यान्वयन गर्ने गराउन हुन ।

११. बालबिकास र कक्षा १ मा तोकिएका बिषयमा बाहेक अनिवार्य रूपमा अंग्रेजी माध्यमको प्रयोग गर्नु गराउनु हुन ।

१२. बिध्यालय तथा कक्षा सञ्चालन गर्दा शिक्षा ऐन,२०२८,शिक्षा नियमावली ,२०५९ मिथिला नगरपालिका बिद्यालय शिक्षा संचालन ,नियमन तथा ब्यबस्थापन सम्बन्धमा बनेको कार्यबिधि,२०७७ बमोजिम अनुमति लिएर मात्रै गर्नु गराउनुहुन ।

बसन्त न्यौपाने 09.08
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत